# ईशनाथ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रौतहट
मधेश प्रदेश, नेपाल

(प्रथम पटक प्रकाशित मिति २०७९/०९/१४)

यस नगरपालिका कार्यालय अन्तर्गत रहेका विभिन्न पदमा जनशक्ति व्यवस्थापन गर्नु पर्ने भएकोले यस नगरपालिकाको संस्थागत विकास तथा सेवा प्रवाह समितिको सिफारिस तथा नगर कार्यपालिकाको मिति २०७९/०९/०१ गतेको निर्णयानुसार चालू आर्थिक वर्ष २०७९/०८० को २०८० असार मसान्त सम्मका लागि देहायका कर्मचारीहरू करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेको नेपाली नागरिकहरूबाट रु. १००/- (एक सय मात्र) तिरी यस कार्यालयको राजस्व शाखाबाट दरखास्त फाराम प्राप्त गरी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको प्रशासन शाखामा दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**संघीय अनुदान तर्फबाट**

**स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्बन्धी मापदण्ड, २०७८ बमोजिम**

**रोजगार सेवा केन्द्र तर्फ**

| क्र.सं. | विज्ञापन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०२/०७९-०८० | ५ | प्राविधिक सहायक | १ | १०००/- |

**विज्ञापन नं. ०२/०७९-०८० को लागि न्यूनतम योग्यता :-** (सिभिल इन्जिनियरिङमा प्रवीणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण गरेको । आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिने तालिम लिएको । पूर्वाधारको निर्माण र मर्मतकालागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्ने टोलीमा काम गरेको कम्तीमा ६ महिनाको अनुभव भएकोलाई ग्राह्यता दिइनेछ ।)

**उमेरको हद :-** दरखास्त दिने मिति सम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**छनौटको किसिम :-** प्रारम्भिक योग्यताको सूची प्रकाशन र लिखित परीक्षा, कम्प्युटर सीप तथा अन्तर्वार्ता ।

**लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५ बमोजिम**

**लघु उद्यम विकास (मेडपा)**

| क्र.सं. | विज्ञापन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०३/०७९-०८० | ५ | उद्यम विकास सहजकर्ता | १ | १०००/- |
| २. | ०४/०७९-०८० | ४ | सहायक उद्यम विकास सहजकर्ता | १ | १०००/- |

**विज्ञापन नं. ०३/०७९-०८० को लागि न्यूनतम योग्यता :-** (प्राविधिक शिक्षा तथा तालिम परिषद (CTEVT) बाट उद्धम विकास सहजकर्ता सम्बन्धी डिपलोमा कोर्ष उतीर्ण गरेको वा सीप परीक्षण तह २/३ उत्तीर्ण गरेको । सरकारी संस्था वा सरकारको स्वामित्वमा रहेको कुनै परियोजनामा काम गरेको कम्तीमा एक वर्षको अनुभव भएकोलाई ग्राह्यता दिइनेछ ।)

**विज्ञापन नं. ०४/०७९-०८० को लागि न्यूनतम योग्यता :-** (प्राविधिक शिक्षा तथा तालिम परिषद (CTEVT) बाट उद्धम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तीर्ण गरेको वा सीप परीक्षण तह २ उत्तीर्ण गरेको । सरकारी संस्था वा सरकारको स्वामित्वमा रहेको कुनै परियोजनामा काम गरेको कम्तीमा १ वर्षको अनुभव भएको लाई ग्राह्यता दिइनेछ ।)

भुदेव झा
प्रमुख प्रशासकीय अधिकृत

कौशल्या देवी

उमेरको हद :- दरखास्त दिने मिति सम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा अन्तर्वार्ता ।

कृषि तथा पशुपंक्षी सेवा

| क्र.सं. | विज्ञापन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०५/०७९-०८० | ६ | पशु चिकित्सक | १ | १५००/- |
| २. | ०६/०७९-०८० | ६ | कृषि स्नातक | १ | १५००/- |

**विज्ञापन नं. ०५/०७९-०८० को लागि न्यूनतम योग्यता :-** (मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको र परिषदमा दर्ता भएको । पशु चिकित्सकको कम्तीमा २ वर्षको अनुभव भएको लाई ग्राह्यता दिइनेछ ।)
**विज्ञापन नं. ०६/०७९-०८० को लागि न्यूनतम योग्यता :-** (मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञान विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको र परिषदमा दर्ता भएको । कृषि स्नातक तहको कम्तीमा १ वर्षको अनुभव भएको लाई ग्राह्यता दिइनेछ ।)
**उमेरको हद :-** दरखास्त दिने मिति सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।
**छनौटको किसिम :-** प्रारम्भिक योग्यताको सूची प्रकाशन र लिखित परीक्षा तथा अन्तर्वार्ता ।

## नगरपालिका तर्फबाट

स्वास्थ्य

| क्र.सं. | विज्ञापन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०७/०७९-०८० | ४ | अ.हे.ब. | ३ | १०००/- |
| २. | ०८/०७९-०८० | ४ | अ.न.मि. | ७ | १०००/- |
| ३. | ०९/०७९०८० | ५ | स्टाफ नर्स | ३ | १०००/- |

**विज्ञापन नं. ०७/०७९-०८० को लागि न्यूनतम योग्यता :-** (मान्यता प्राप्त शैक्षिक संस्थाबाट १५ महिने CMA तालिम उत्तीर्ण गरेको वा सो सरह । नेपाल स्वास्थ्य व्यवसाय परिषदमा दर्ता भएको ।)
**विज्ञापन नं. ०८/०७९-०८० को लागि न्यूनतम योग्यता :-** (मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मि. कोर्ष उत्तीर्ण गरेको वा सो सरह । नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको । SBA तालिम प्राप्त गरेको लाई ग्राह्यता दिइनेछ ।)
**विज्ञापन नं. ०९/०७९-०८० को लागि न्यूनतम योग्यता :-** (नर्सिङ्ग विषयमा प्रवीणता प्रमाण पत्र उत्तीर्ण गरेको वा सो सरह । नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको । SBA तालिम प्राप्त गरेको लाई ग्राह्यता दिइनेछ ।)
**उमेरको हद :-** दरखास्त दिने मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
**छनौटको किसिम :-** प्रारम्भिक योग्यताको सूची प्रकाशन र लिखित परीक्षा तथा अन्तर्वार्ता ।

कृषि तथा पशु सेवा

| क्र.सं. | विज्ञापन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| १. | १०/०७९-०८० | ४ | पशु सेवा प्राविधिक | २ | १०००/- |

**विज्ञापन नं. १०/०७९-०८० को लागि न्यूनतम योग्यता :-** (मान्यता प्राप्त शैक्षिक संस्थाबाट पशु विज्ञान विषयमा प्रमाणपत्र तह उत्तीर्ण वा सम्बन्धित विषयमा १५/१८/२९ महिने तालिम प्राप्त गरेको ।)
**उमेरको हद :-** दरखास्त दिने मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
**छनौटको किसिम :-** प्रारम्भिक योग्यताको सूची प्रकाशन, लिखित परीक्षा तथा अन्तर्वार्ता ।

सुदेव झा
प्रमुख प्रशासकीय अधिकृत
(उप सचिव)

कौशल्या देवी
नगर प्रमुख

| नगरपालिका कार्यालय (वडा समेत) | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विज्ञापन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
| १. | ११/०७९-०८० | चौथो | सहायक कम्प्यूटर अपरेटर | १५ | १०००/- |
| २. | १२/०७९-०८० | चौथो | अमिन | १ | १०००/- |
| ३. | १३/०७९-०८० | श्रेणी विहीन | हलुका सवारी चालक | ४ | ५००/- |
| ४. | १४/०७९-०८० | श्रेणी विहीन | एम्बुलेन्स चालक | १ | ५००/- |
| ५. | १५/०७९-०८० | श्रेणी विहीन | ट्र्याक्टर चालक | १ | ५००/- |
| ६. | १६/०७९-०८० | श्रेणी विहीन | एक्सकावेटर | १ | ५००/- |
| ७. | १७/०७९-०८० | श्रेणी विहीन | कार्यालय सहयोगी | २५ | ५००/- |

**विज्ञापन नं. ११/०७९-०८० को लागि न्यूनतम योग्यता :-** (मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाण पत्र तह वा सो सरह वा रजिस्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त वा कम्प्युटरबाट आई.टी. गरेको वा सो सरह ।)

**छनौटको किसिम :-** प्रारम्भिक योग्यताको सूची प्रकाशन र लिखित परीक्षा, कम्प्युटर सीप परीक्षा तथा अन्तर्वार्ता।

**विज्ञापन नं. १२/०७९-०८० को लागि न्यूनतम योग्यता :-**(मान्यता प्राप्त शिक्षण संस्थाबाट अमिन विषयमा टि.एस.एल.सी. वा सो सरह शैक्षिक योग्यता भएको । अनुभव भएको लाई ग्राह्यता दिइनेछ ।)

**छनौटको किसिम :-** प्रारम्भिक योग्यताको सूची प्रकाशन र लिखित परीक्षा तथा अन्तर्वार्ता ।

**विज्ञापन नं. १३/०७९-०८० देखि १६/०७९-०८० को लागि न्यूनतम योग्यता :-** (कम्तीमा कक्षा पाँच सम्मको मान्यता प्राप्त शैक्षिक योग्यताको प्रमाण पत्र । सम्बन्धित विज्ञापन बमोजिम पदमाको सो अनुसारको सवारी चालक अनुमति पत्र प्राप्त भएको हुनु पर्ने ।)

**उमेरको हद :-** दरखास्त दिने मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**छनौटको किसिम :-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन प्रयोगात्मक र अन्तर्वार्ता ।

**विज्ञापन नं. १७/०७९-०८० को लागि न्यूनतम योग्यता :-** (मान्यता प्राप्त शैक्षिक संस्थानबाट कम्तीमा कक्षा पाँच उत्तीर्ण गरेको प्रमाण पत्र ।)

**उमेरको हद :-** दरखास्त दिने मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**छनौटको किसिम :-** प्रारम्भिक योग्यताको सूची प्रकाशन र अन्तर्वार्ता ।

| नगर प्रहरी | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विज्ञापन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
| १. | १८/०७९-०८० | न. प्र. ईन्चार्ज | नगर प्रहरी | १ | १०००/- |
| २. | १९/०७९-०८० | न. प्र. जवान | नगर प्रहरी | १२ | ८००/- |
| ३. | २०/०७९-०८० | न. प्र. जवान | नगर महिला प्रहरी | २ | ८००/- |

**विज्ञापन नं. १८/०७९-०८० को लागि न्यूनतम योग्यता :-**(कक्षा १० उत्तीर्ण गरिएको । नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकबाट स्वास्थ्य निरोगिताको प्रमाण-पत्र । आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको । सुरक्षा निकायको विभिन्न पदमा कार्यरत रही निवृतीभरण वा उपदान प्राप्त पूर्व सुरक्षाकर्मीहरू तथा पूर्व वन रक्षकहरू । गर्भवती नरहेको/नभएको ।)

**विज्ञापन नं. १९/०७९-०८० र २०/०७९-०८० को लागि न्यूनतम योग्यता :-** (कक्षा ८ उत्तीर्ण गरिएको । नेपाल मेडिकल काउनसिलमा दर्ता भएका चिकित्सकबाट स्वास्थ्य निरोगिताको प्रमाण-पत्र ।आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।सुरक्षा निकायको विभिन्न पदमा कार्यरत रही निवृतीभरण वा उपदान प्राप्त पूर्व सुरक्षाकर्मीहरू तथा पूर्व वन रक्षकहरू । गर्भवती नरहेको/नभएको ।)

**उमेरको हद :-** दरखास्त दिने मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**छनौटको किसिम :-** प्रारम्भिक योग्यताको सूची प्रकाशन शारीरिक तन्दुरुस्ती परीक्षण, लिखित तथा अन्तर्वार्ता ।

प्रशासकीय अधिकृत

कौशल्या देवी

## द्रष्टव्य

- सम्पूर्ण विज्ञापनमा चाहिने आवश्यक न्युनतम कागजातहरुः-

१. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि ।

२. न्यूनतम योग्यताको मार्कसिटको प्रतिलिपि।

३. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

४. हालमा खिचेको दुबै कान देखिने फोटो ३ प्रति ।

५. अनुभव भए सो को प्रमाणपत्र प्रतिलिपि ।

६. विज्ञापन बमोजिमको शुल्क तिरेको नगदि रसिद ।

७. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

- **परीक्षा केन्द्र र मिति** :- परीक्षा केन्द्र र मिति यस नगरपालिकाको सूचना पाटी तथा विद्युतीय माध्यमबाट पछि प्रकाशन गरिने छ ।
- **पारिश्रमिक तथा सुविधा** :- नगर कार्यपालिकाको निर्णयानुसार ।
- **दरखास्त दिने अन्तिम मिति** :- २०७९/०९/२८ गते सम्म (दर्खास्त दिने अन्तिम मितिमा कुनै सार्वजनिक बिदा हुन गाएमा सो को भोलि पल्ट कार्यालय समय सम्म)
- दाबी नपुग्ने :- करार अवधिमा काम गरेको आधारमा पछि कुनै पनि किसिमको पदमा स्थायी वा अस्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाइने छैन ।
- **पाठ्यक्रम** :- कार्यविधि अनुसार पाठ्यक्रम तोकिएका पदहरु बाहेक अन्य पदहरुको पाठ्यक्रम लेक सेवा आयोगले निर्धारण गरे बमोजिम हुने छ ।
- दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्छ ।
- लोक सेवा आयोगको परीक्षामा उत्तीर्ण गरी वैकल्पिक/अस्थायी योग्यताक्रममा परेकालाई विशेष ग्राह्यता दिइनेछ ।
- यस नगरपालिकामा चालू आ.व. का दैनिकी ज्यालादारीमा कार्यरत कर्मचारी तथा सम्बन्धित पदमा अनुभव प्रमाण-पत्र प्राप्त गरेको लाई विशेष ग्राह्यता दिइनेछ ।
- सूचनामा उल्लेख नभएका अन्य कुराहरू नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

कौशल्या देवी
नगर प्रमुख

भुदेव झा
प्रमुख प्रशासकीय अधिकृत
(उप सचिव)